प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

## कोशी प्रदेश, इनरुवा, सुनसरी,

### प्रस्ताव आव्हवान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८०/०६/०२

प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८०/०७/०१

यस विज्ञ केन्द्रको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार " **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७" र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८** बमोजिमका शर्तहरु पालना गरी कार्यक्रमहरु कार्यान्वयनका लागि सुनसरी जिल्लाका इच्छुक कृषक, समुह/समिति, सहकारी संस्था/व्यवसायिक फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले तिस दिन भित्र तोकिएको ढाँचामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, इनरुवा, सुनसरीमा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराइने छैन ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सुनसरीको फोन नं.०२५-५६५१६२, यस कार्यालयका प्राविधिक सहायक श्री गोपाल अधिकारीको मोवाईल नं. ९८४२४०२०१९ मा सम्पर्क राख्नु हुन वा कार्यालयको वेभसाईट www. vhlssunsari.gov.np बाट **"प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमाली, २०७८"** डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रम विवरण :

| *क.सं.* | *कार्यक्रमको नाम* | *उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत/रकम* | *मापदण्ड* |
|---|---|---|---|
| १ | दुध उत्पादनका आधारमा अनुदान | दुध उत्पादन गर्ने कृषकहरुले दुध संकलन केन्द्रहरुमा दुध विक्री कृषकहरुको लागि प्रति लिटर रु. दुई मात्र । | १. दुध संकलन गर्ने संस्थाले कम्तिमा दैनिक ५०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ ।<br>२. कार्यक्रममा सहभागी कृषकहरुले वार्षिक २०० दिन संकलन गरेको हुनु पर्नेछ ।<br>३. खरिद गरेको दुध न्यूतम नेपाल सरकारको गुणस्तर मापदण्ड पुगेको हुनु पर्नेछ ।<br>४. दुध संकलन गर्ने संस्थामा चिलिङ्ग भ्याट भएको हुनु पर्नेछ । |
| २ | मत्स्य नर्सरी निर्माण तथा | कुल लागतको पचहतर प्रतिशत वा बढीमा रु. दुई लाख मात्र । | १. कम्तिमा एक हेक्टर जलाशयमा माछा पालन गरेको हुनु पर्नेछ । |

| क.सं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत/रकम | मापदण्ड |
|---|---|---|---|
| | व्यवस्थापन | | २. मत्स्य बीमा गरेकाहरुलाई प्राथमिकता दिईनेछ । |
| ३ | मत्स्य यान्त्रीकिकरणमा अनुदान सहयोग | कुल लागतको पचहतर प्रतिशत वा बढीमा रु. पचास हजार मात्र । | १. कम्तिमा छ कठ्ठा जलाशयमा माछा पालन गरेको हुनु पर्नेछ ।<br>२. मत्स्य बीमा गरेकाहरुलाई प्राथमिकता दिईनेछ । |

प्रस्तावसंग संलग्न गर्नु पर्ने कागजातहरुहरु :

१. राजश्व तिरेको रसिद (व्यक्तिगतको हकमा रु. १००।०० र संस्थागतको हकमा रु. २००।०० तिरेको सक्कलै भौचर ।

राजश्व जम्मा गर्ने विवरणः कार्यालयको नामः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,सुनसरी

बैंकको नामः राष्ट्रिय बाणिज्य बैंक कार्यालय कोड नं. ३१२०२१४०११

कार्यालय खाता नं. १०००२०१०१०००१ राजश्व शिर्षक नं. १४२२९

२. अनुसूची-२ बमोजिमको फर्म कार्यालयबाट लिन सक्नु हुनेछ तथा (www.vhlssunsari.gov.np बाट डाउनलोड गर्न सक्नु हुनेछ)

३. आवदेकको नेपाली नागरिकताको प्रतिलिपि

४. अधिकारीक निकायमा दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि

५ प्यान/भ्याट दर्ताको प्रमाण पत्रको प्रतिलिपि

६. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपि

७. स्थानिय तहको पशुपन्छी विकास शाखाको सिफारिस पत्र

८. कार्यक्रम कार्यान्वय स्थलको जग्गाको स्वामित्व देखिने कागजातहरुको प्रतिलिपि (लालपुर्जा र मालपोत तिरेको रसिद)

९. जग्गा भाडा भए कम्तिमा १० वर्षको वडा कार्यालयको रोहवरमा गरेको सम्झौता पत्र र नोटरीबाट प्रमाणित गरेको प्रतिलिपि

१०. तिन वर्ष भित्र अनुदान नलिएको स्वघोषणा पत्र

११. लागत साझेदारी गर्ने प्रतिबद्धता

कुमार सिंह खत्री
निमित्त कार्यालय प्रमुख